READ Nepal
Inspiring Rural Prosperity

PRACTICAL ACTION
Technology challenging poverty

# बदामे घाँस

बदामे घाँस बहुवर्षिय कोशे घाँस हो । समुन्द्री सतहदेखि १४०० मिटरसम्म यसको राम्रो खेती गर्न सकिन्छ ।

**माटोः** दोमट र चिम्टाइलो माटोमा राम्रो हुने भएता पनि सबै खालको माटोमा लगाउन सकिन्छ ।

**बीउको मात्राः** १० देखि ३० केजी प्रति हेक्टर । यसलाई कटिङ्गबाट पनि लगाउन सकिन्छ । कटिङ्गबाट लगाउँदा प्रति हेक्टर १०,००० कटिङ्ग चाहिन्छ । कटिङ्ग छान्दा तीनवटा आँख्ला भएको छान्नुपर्छ ।

**लगाउने समयः** असार साउनसम्म लगाउन उपयुक्त हुन्छ । तर चिस्यान भएको जग्गामा जुनसुकै समयमा लगाउन सकिन्छ ।

**लगाउने तरिकाः** खनजोत गरी तयार गरिएको जग्गामा बीउ छरी लगाउन सकिन्छ । कटिङ्गबाट लगाउने हो भने १/१ मिटरको फरकमा लाइन राखी ६० सेन्टिमिटर को फरकमा ५ देखि ७ सेमी गहिरो गरी कटिङ्ग रोप्नु पर्छ ।

**मलखादः** प्रति हेक्टर १ देखि २ टन गोबर वा कम्पोष्ट मल प्रयोग गर्न राम्रो हुन्छ ।

**कटाई तथा उत्पादनः**

- लगाएको २ देखि ३ महिनामा पहिलो पटक काट्न सकिन्छ ।
- प्रति हेक्टर सुख्खा पदार्थको उत्पादन ५ देखि ६ टनसम्म हुन्छ ।
- प्रति हेक्टर १००० केजीसम्म बीउ उत्पादन हुन्छ ।

**नोट : प्रकाशकको अनुमति विना यस प्रकाशनको बिक्री वितरण वा कुनै पनि व्यापारिक प्रयोजनका लागि प्रयोग गर्न पाइने छैन ।**
*यस सामग्रीमा दिइएको जानकारी विभिन्न विज्ञको सल्लाह तथा अन्य संघसस्थाले प्रकाशन गरेका सामग्रीमा दिइएको जानकारीका आधारमा निर्माण गरिएका हुन् । यसमा समुदायले आफ्नो प्रयासमा गर्न सक्ने जानकारी दिइएको छ । तर विषेश परिस्थितिमा पुन सम्बन्धित विज्ञको सल्लाह लिनु पर्नेछ ।*

संक्षिप्त प्राविधिक ज्ञान